नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८०२०३३८८५
फ्याक्स : ०१-४५१४३९१

मितिः- २०८२।०८।२२ गते
ने.सं. ११४६, सोमबार

## प्रेस विज्ञप्ती- २४

### "वन्यजन्तुको आखेटोपहार ओसारपसार मुद्दामा फरार कैदी पक्राउ"

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रुपेश कुवँर समेत भएको अवैध रुपमा संरक्षित वन्यजन्तु हात्तीको दाह्रा ओसारपसार तथा बिक्रि वितरण मुद्दामा सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८१।०५।२८ गतेको फैसलाले ६ बर्ष कैद सजाय कायम भई केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल, सुन्धारामा कैद सजाय भुक्तान गरिरहेका जिल्ला गोरखा, सिरानचोक गाउँपालिका वडा नं.८ घर भई हाल जिल्ला काठमाडौं, तार्केश्वर नगरपालिका स्थित मनमैजु बस्ने बर्ष २२ को सबिन गुरुङ मिति २०८२।०५।२४ गते Gen-Z आन्दोलनको क्रममा उक्त कारागारबाट फरार रहेकोमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले खोजतलासको क्रममा आज मिति २०८२।०८।२२ गते जिल्ला काठमाडौं, तार्केश्वर नगरपालिका स्थित मनमैजुबाट पक्राउ गरी केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवलमा पेश गरिएको छ।

(शिव कुमार श्रेष्ठ)
**प्रहरी वरिष्ठ उपरीक्षक**
**प्रवक्ता एवं सूचना अधिकारी**
सम्पर्क नंवर: ९८५१२९१३११